‘टिष्टुङ-पालुङ’ एक अदभूत पदयात्राको शुभारम्भ । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
प्रेस काउन्सिलबाट ‘क’ वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-४९ ● २०८१ असार ०३ गते सोमबार, ● 17 Jun, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहालाई प्रदेशबाट १ सय ४५ योजना, ४५ करोड ५८ लाख बजेट

विकास संवाददाता
थाहानगर

आर्थिक वर्ष २०८१/०८२ का लागि बागमती प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा प्रदेश कार्यालयहरूबाट कार्यान्वयन हुने गरी १ सय ४५ योजनाका लागि बजेट विनियोजन गरिएको छ । १ असारमा बागमती प्रदेश सरकारले बजेट भाषण मार्फत विषयगत मन्त्रालय तथा निकाय अनुसारको बजेट तथा कार्यक्रम सार्वजनिक गर्दै यस्तो जानकारी दिएको हो ।

बागमती प्रदेशले १२ वटा वडामा १ सय ३७ र नगरस्तरीय ८ वटा योजनाका लागि ४५ करोड ५८ लाख बजेट विनियोजन गरेको हो । थाहानगरको सबैभन्दा बढि वडा नम्बर ९ मा २१ योजनाका लागि ५ करोड ५५ लाख बजेट विनियोजन भएको छ भने वडा नम्बर ५ मा २ वटा योजनाका लागि सबैभन्दा कम १५ लाख रूपियाँ बजेट विनियोजन भएको छ ।



थाहा नगरपालिकाको वडा नम्बर १ को १४ वटा योजनाका लागि १ करोड ६४ लाख, २ नम्बर वडामा १२ वटा योजनाका लागि १ कररोड ५३ लाख, ३ नम्बर वडामा ११ वटा योजनाका लागि १ करोड ३५ लाख, ४ नम्बर वडामा १० वटा योजनाका लागि १ करोड ४० लाख, वडा नम्बर ६ मा २१ वटा योजनाका लागि ३ करोड ४२ लाख रूपियाँ विनियोजन भएको छ ।

त्यसैगरी वडा नम्बर ७ मा १६ वटा योजनाका लागि २ करोड ४० लाख, ८ नम्बर वडामा ८ वटा योजनाका लागि ८५ लाख, १० नम्बर वडामा ५ वटा योजनाका लागि ६५ लाख, ११ नम्बर वडामा ८ वटा योजनाका लागि १ करोड १० लाख, १२ नम्बर वडामा ९ वटा योजनाका लागि १ करोड ४० लाख रूपियाँ तथा नगरस्तरमा ८ वटा योजनाका लागि २४ करोड १४ लाख रूपियाँ बजेट विनियोजन गरिएको छ ।

## थाहालाई १ करोड २३ लाख, इन्द्रसरोवरलाई ६३ लाख ९० हजार

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले १ सय १९ वटै स्थानीय तहमा वित्तीय समानीकरण अनुदान पठाएको छ । १ असारमा बजेट वक्तव्य सार्वजनिकसंगै सबै स्थानीय तहहरूलाई समानकिरण अनुदान पनि पठाएको हो ।

मकवानपुरका १० स्थानीय तहमध्ये थाहा नगरपालिकाले १ करोड २३ लाख ९० हजार रूपियाँ पाएको छ भने इन्द्रसरोवर गाउँपालिकाले ६३ लाख ९० हजार रूपियाँ समानीकरण अनुदान पाएको छ । मकवानपुरमा सबैभन्दा बढि हेटौंडा उपमहानगरपालिकाले ३ करोड २२ लाख ६९ हजार समानीकरण अनुदान पाएको छ । मनहरी गाउँपालिकाले १ करोड २४ लाख ३ हजार, कैलाशले ८४ लाख ३२ हजार, बकैयाले १ करोड १८ लाख ४६ हजार, बागमतीले १ करोड १ लाख ७६ हजार, भीमफेदीले ९५ लाख ७२ हजार वित्तीय समानीकरण अनुदान पाएको छ ।

**प्रदेश समानीकरण अनुदानः**

त्यसैगरी मकवानपुरगढी गाउँपालिकाले ९४ लाख ४१ हजार र राक्सिराङ गाउँपालिकाले ९० लाख ४२ हजार रूपियाँ समानकिरण अनुदान पाएको छ ।

## थाहामा प्रदेशको १७ सशर्त योजना

◆ विकास संवाददाता

बागमती प्रदेशले थाहा नगरपालिकालाई आर्थिक वर्ष २०८१/०८२ का लागि १७ वटा सशर्त योजना पठाएको छ । यसका लागि ७ करोड १८ लाख ६७ हजार बजेट विनियोजन गरेको छ । प्रदेश सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत पठाएको बजेटमा थाहा नगरपालिका मकवानपुरमै सबैभन्दा बढि सशर्त बजेट पाउने पालिका भएको छ । दोस्रो हेटौंडा उपमहानगरपालिकाले ६ करोड ८० लाख ६१ लाख सशर्त बजेट पाएको छ ।

थाहा नगरपालिकाको लागि सबैभन्दा बढि शीत भण्डारको लागि ५ करोड सशर्त बजेट विनियोजन भएको छ । किसान सूचीकरणको लागि १ लाख, प्राङगारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि ५ लाख, कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम ५ लाख, उत्पादनमा आधारित दुधमा प्रोतसाहन कार्यक्रका लागि २ लाख ८७ हजार, कृषि व्यवसाय प्रवर्द्धन थाहा-३ का लागि १० लाख, चित्लाङ वृहत खानेपानी २६ लाख ६० हजार, मुहान ढडेरीखोला फुर्के वसन्त खानेपानी थाहा-५ का लागि २६ लाख ६० हजार बजेट विनियोजन भएको छ ।

**७ करोड १८ लाख ६७ हजार बजेट**

त्यसैगरी भुङदल फुलपाती चौर महादेवस्थान भाङखोरिया सडक थाहा-२ लाई २५ लाख, डाँडागाउँ गोरखनाथ मन्दिर सडक स्तरोन्नती थाहा-३ २५ लाख, नारायणहिटी कुश्लेचौर भेडाफर्म मार्खु सडकका लागि २५ लाख, शुन्य दरबन्दी भएका माध्यमिक विद्यालय शिक्षण अनुदान ५ लाख ६८ हजार, बाबुआमा विहिन संरक्षण कार्यक्रमका लागि ३ लाख ६० हजार, अपाङ्गत भएका व्यक्तिहरूलाई समुदायमा आधारित पुर्नस्थापना कार्यक्रमका लागि ३ लाख, एक विद्यालय एक नर्स कार्यक्रमको पारिश्रमिक लगायतलाई २९ लाख ३२ हजार सशर्त बजेट विनियोजन भएको छ ।

टौखेल शहरी स्वास्थ्य केन्द्र थाहा-१० सञ्चालन अनुदान ५ लाख र एक प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम अन्तर्गत पालुङ प्राथमिक स्वास्थ्य केन्द्रलाई २० लाख रूपियाँ सशर्त बजेट विनियोजन गरिएको छ ।

## थाहाको १ नम्बर वडाका ३ उपभोक्ता समिति सम्मानित

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १ उपभोक्ता समितिलाई सम्मान गरेको छ । आर्थिक वर्ष २०८०/०८१ का लागि १ नम्बर वडाले तर्जुमा गरेको योजना समयमै सम्पन्न गर्ने उपभोक्ता समितिहरूलाई सम्मान गरिएको हो । चालु आर्थिक वर्षमा सबैभन्दा छिटो योजना सम्पन्न गर्ने उपभोक्ता समितिका पदाअधिकारीहरूलाई ३१ जेठमा वडा कार्यालयमा सम्मान तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सम्मान गरिएको हो ।




वडा कार्यालयले ओखरबजार भित्री सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष सुशीला प्रधान, झम्केश्वरी विद्यालय बाटो निर्माण उपभोक्ता समितिका अध्यक्ष प्रदिप प्रधान तथा कुलगाउँ शिवडाँडा गोरेटो बाटो निर्माण उपभोक्ता समितिलाई क्रमशः पहिलो, दोस्रो र तेस्रो घोषणासहित सम्मान पत्रसहित सम्मान गरिएको कार्यवाहक वडा अध्यक्ष सरोज प्रधानले जानकारी दिए ।

वडास्तरबाटै समयमै काम गर्ने उपभोक्ता समितिहरूलाई सम्मान गर्दिा योजना तर्जुमासंगै कार्यान्वयन नतिजामुखी हुने प्रधानले विश्वास व्यक्त गरे ।

सम्मानले उपभोक्ता समितिहरूको मनोवल उच्च रहनुका साथै विकासले गति लिनका लागि उत्साह थपिने प्रधानको भनाइ छ । १ नम्बर वडामा चालु आर्थिक वर्षमा १६ वटा योजना कार्यान्वयनमा छन् ।

## थाहालाई प्रदेशबाट विशेष र समपुरक ३ वटा योजना

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत थाहा नगरपालिकालाई विशेष र समपुरक गरी ३ वटा योजनालाई बजेट विनियोजन गरेको छ । आर्थिक वर्ष २०८१/०८२ को १ असारमा सार्वजनिक बजेट वक्तव्य मार्फत योजना र बजेट थाहा नगरपालिकालाई प्रदेश सरकारले पठाएको हो ।

थाहा नगरपालिकालाई बागमती प्रदेश सरकारले विशेष अनुदान वृहत खानेपानी आयोजना थाहा-८ लाई ६५ लाख बजेट पठाएको छ । त्यसैगरी समपुरक अनुदानमा फेदीगाउँ त्रिवेणी खोला बस्ती बचाउ थाहा-२ का लागि १ करोड ५० लाख र नारायणहिटी कुश्लेचौर भेडा फार्म जाने बाटो थाहा-९ को लागि १ करोड १५० लाख बजेट विनियोजन भएको छ ।



विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७८५३३००
www.bikaskhabar.com
२०८१ असार ०३ गते सोमबार, 17 Jun, 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

# पालिकाको योजना तर्जुमा

स्थानीय तहले प्रत्येक वर्ष योजना, कार्यक्रम छनोट र बजेट विनियोजन गरी स्वीकृत गरेपश्चात् मात्र कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । यस प्रक्रियालाई वार्षिक योजना तर्जुमा प्रक्रिया भनिन्छ । वार्षिक विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन अति महत्वपूर्ण छ । वार्षिक विकास कार्यक्रमलाई योजनाको सोच, लक्ष्य र उद्देश्यसँग तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्दछ । वार्षिक विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा व्यवस्था भएका नीति, मौलिक हक, निर्देशक सिद्धान्त, सम्बद्ध अनुसूची, स्थानीय तहको आवधिक योजना, प्रदेश तथा राष्ट्रिय योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा प्राथमिकतालाई ध्यान दिनु पर्दछ । साथसाथै स्थानीय आवश्यकता, सम्भावना, समस्या र चुनौती र नेपाल सरकारको नीति, कार्यक्रम र प्राथमिकता दिनु पर्दछ । त्यसैगरी दिगो विकास लक्ष्य, नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय प्रतिबद्धतालाई समेत ध्यान दिनु पर्दछ । वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक प्रक्रिया अनुसार चरणबद्ध रूपमा तर्जुमा गर्नुपर्ने हुन्छ । सोका लागि कानुनले विभिन्न संस्थागत संयन्त्रको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका वार्षिक योजना तर्जुमासँग सम्बन्धित संस्थागत संयन्त्रमा स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, वडा समिति, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति पर्दछन् । उक्त संयन्त्रमा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई पालना गर्नु पर्दछ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा गरेका व्यवस्थालाई एकीकृत गरी स्थानीय तहको वार्षिक योजनाका चरण तथा कार्यहरू तय गरिएको छ । जस अनुसार स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियालाई सात चरण वर्गीकरण गरिएको छ । स्थानीय तहले वस्तुस्थिति विवरण तयार तथा अद्यावधिक गर्ने, विषयगत क्षेत्र छुट्याउने कार्य गर्नु पर्दछ । स्थानीय राजस्व परामर्श समितिले आन्तरिक राजस्वका स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षका लागि प्राप्त हुन सक्ने आन्तरिक स्रोतको अनुमान गर्नु पर्दछ । नेपाल सरकार तथा प्रदेश सरकारबाट चैत मसान्तभित्र सीमा प्राप्त गरिसक्ने व्यवस्था छ । यसरी प्राप्त बजेट तथा आन्तरिक आयको अनुमान गरी कुल बजेट निर्धारण गरी, आगामी वर्षको नीति तथा कार्यक्रम तयार गरिन्छ । पालिकाले पठाएको बजेट सीमा तथा मापडण्डका आधारमा वडा समितिको बैठक बसी टोल–बस्तीमा जाने तालिका बनाउने र जिम्मेवारी बाँडफाँट गर्नुपर्दछ । सर्वसाधारणको जानकारीका लागि टोल–बस्तीस्तरमा हुने बैठकको मिति, समय तथा स्थानको तीन दिन पहिला नै सूचना गर्नु पर्दछ । टोल बस्तीमा गएर योजनाको सूची तयार गर्ने । सूची तयार गर्दा कोही नछुटुन् र कोही पनि पछाडि नपरून् भने अवधारणा अवलम्बन गर्नु पर्दछ । तयार भएको सूची वडामा पेस गर्नु पर्दछ । यी कार्य वैशाख मसान्तभित्र गरिसक्नु पर्दछ ।

वडाले बस्तीस्तरबाट आएका योजना र कार्यक्रमलाई एकीकृत गरी विषयगत क्षेत्र अनुसार छुट्याई आयोजना र कार्यक्रमलाई प्राथमिकता निर्धारण गर्ने र वडास्तरको बजेट सीमाभित्र पर्ने योजनामा बजेट विनियोजन गर्नुपर्दछ । विषयगत महाशाखा, शाखा तथा एकाइले प्राप्त बजेट सीमा तथा मार्गदर्शन अनुसार विषायगत आयोजना र कार्यक्रमको सूची तयार गर्नु पर्दछ । विषयगत समितिबाट स्वीकृत भएका योजनालाई एकीकृत गरी तयार गरिएको वार्षिक योजनाको खाका स्वीकृत भएको बजेट तथा कार्यक्रमका असार १० गतेभित्र सभामा पेस गर्नुपर्ने छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कस्तो थियो पत्रकार महासंघ, कस्तो भयो !



◆ दीर्घराज उपाध्याय

पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघ यतिबेला चौबाटोमा छ । साधारण सभा सम्पन्न भएको महिना दिन भयो तर निर्वाचन हुने कुनै सुरसार छैन । साधारण सभापछि सदस्यताका लागि हानथाप भइरहेको छ । सदस्यता छानबिनमा जो थिए, तिनैले भन्दैछन्- हामी यो सदस्यता मान्दैनौं । महासंघ कता जाने ? थाहा छैन । यो अवस्था सृजना हुनुमा अहिलेकै नेतृत्व मात्र जिम्मेवार छैन, जसरी पनि नेतृत्व हत्याउने नियतका साथ विगतदेखि नै अमिल्दो गठबन्धन भयो, यो त्यसैको परिणाम हो। महासंघलाई चौबाटोमा पुऱ्याएर नेतृत्व मुख लुकाएर हिंड्नुपर्ने सायद यही दिन देख्नका लागि महासंघको स्थापना भएको थिएन। सबैलाई नियम सिकाउने पत्रकार हरू र तिनको संस्था नियममा चल्नुपर्छ कि पर्दैन ? सदस्यताको विवाद टुंगिएपछि साधारण सभा हुन्छ कि ? साधारण सभापछि सदस्यताको टुंगो लगाइन्छ ? कसले बुझाइदिने सबैभन्दा बुझ्ने वर्गलाई !

आफ्ना गैर पत्रकार जतिलाई सदस्यता दिनुपर्ने, तर अरूका पत्रकार हरू पनि हटाउनुपर्ने गजबको अडानमा छन्, पत्रकारका नाममा खोलिएका दलीय संगठनहरू । उनीहरूलाई शुद्धीकरणसँग कुनै मतलब छैन, चुनाव जित्नका लागि आफ्ना सदस्यको संख्या पुग्यो कि पुगेन, बस्, यही चिन्ता छ । वाद, दल र आस्थाभन्दा माथि कोही उठ्नै चाहँदैनन् । जुन दिन लाग्छ कि, अब चुनाव जित्न सकिन्छ, त्यही दिन सदस्यताको विवाद स्वतः समाधान हुनेछ । मुलुकमा संकटकाल होस् वा राजाको प्रत्यक्ष शासन– नेपाल पत्रकार महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक मूल्य–मान्यताको रक्षाका लागि अविचलित रूपमा लडिरह्यो । महासंघको अस्तित्व र साख रक्षाका लागि पत्रकारका नेताहरू एकढिक्का हुन्थे । तर अहिले महासंघको अस्तित्व कसरी सिध्याउने ध्याउन्नमा छन्, महासंघका नेताहरू । न त उनीहरूलाई महासंघको साखको चिन्ता छ, न पत्रकारहरूको भौतिक तथा पेशागत सुरक्षाको । पत्रकारहरू पेशाबाट पलायन भइरहेकोमा कसैको ध्यान छैन । सञ्चारमाध्यमहरू धमाधम बन्द हुँदैछन्, यो उनीहरूको चासो र चिन्ताको विषय भित्रै पर्दैन ।

यतिबेला पत्रकारका नेताहरू महासंघ कसरी कब्जा गर्ने भन्ने रणनीति बनाउनमा व्यस्त छन् । तर त्यो समय, जतिबेला मुलुकमा संकटकाल र राजाको प्रत्यक्ष शासन थियो, त्यतिबेला महासंघ द्वन्द्वरत पक्षको कब्जामा रहेका पत्रकारहरूलाई कसरी मुक्त गर्ने रणनीति बनाउन व्यस्त हुन्थ्यो । तत्काल देशभरि मिसनहरू परिचालन हुन्थे, महासंघले द्वन्द्वरत पक्षलाई भन्थ्यो- खबरदार कही पत्रकारहरूलाई बेपत्ता वा माऱ्यौ भने हामी तिमीहरूलाई अन्तर्राष्ट्रियस्तरमा नंग्याउनेछौं । तर यतिबेला महासंघको नेतृत्व हत्याउन खोज्नेहरू एकअर्कालाई खुइल्याउन र नंग्याउन आफ्नो बल, बर्कत र सामर्थ्यको भरपूर प्रयोग गरिरहेका छन् ।

द्वन्द्वको आरनमा खारिएका पत्रकारहरू सुन हुनुपर्नेमा पित्तल कसरी भए ? किन कर्तव्यच्युत भए ? किन बिर्सिए धर्म ? महासंघको नेतृत्वको कर्तव्य के हो ? के हो उसले निर्वाह गर्नुपर्ने धर्म ? अरूलाई प्रशिक्षण दिंदै हिंड्ने विद्वान् नेतृत्व र नेतृत्वका लागि हानथाप गर्नेहरूलाई के गर्ने, के नगर्ने, कसले दिने प्रशिक्षण ?

लेख्ने, बोल्ने र नियमित रूपमा सञ्चारकर्म गर्नेहरूलाई किनारामा राखेर महासंघलाई कस्तो बनाउन खोजिएको हो ? कसको बनाउन खोजिएको हो ? सञ्चारकर्म गर्नेहरूले सामूहिक रूपमा देशैभरि तिम्रो सदस्यता चाहिंदैन भनेर सदस्यता परित्याग गरिदिने हो भने के हुन्छ ? हुनत पत्रकारितालाई मूल पेशा बनाएका धेरै पत्रकार यो महासंघको जालोबाट उहिल्यै मुक्त भइसके । जुन संगठनलाई पत्रकारहरू आफ्नो मन्दिर ठान्थे यतिबेला पत्रकारहरू नै त्यो मन्दिरको बाटो हिंड्नु नपरोस् किन भन्दैछन् ! यो आस्थाको धरोहर भूकम्प नै नआई कसरी ढल्यो, गर्ल्यामगुर्लुम ? किन अलिकति पनि लज्जाबोध हुँदैन, महासंघको अस्तित्व चौबाटोमा लिलाम भइरहँदा, यसको नेतृत्वलाई ? पत्रकारिता छोडेको वर्षौं भइसकेका व्यक्तिहरू महासंघको नेतृत्वमा भारी मतले जित्ने यो कस्तो महासंघ बनाइयो ? कस्ता व्यक्तिलाई महासंघले सदस्या दियो ?

विगतमा पत्रकार महासंघ केवल पत्रकारहरूको मात्र साझा संस्था थिएन, यो त लोकतन्त्र र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरू सबैको साझा संस्था थियो । एकअर्कालाई सिध्याउन सशस्त्र संघर्ष गरिरहेका द्वन्द्वरत पक्षहरूलाई एकठाउँमा उभ्याउने र दुवैले विश्वास गर्ने संस्था थियो, कुनै बेला पत्रकार महासंघ। यस्तो साझा संस्थालाई किन एकलौटी कुनै दल वा वादको पिछलग्गु बनायौं हामीले ? राजाको कदमका विरूद्धमा सडकमा उत्रिएका सात दलको साथमा सुरूवाती दिनमा जनता थिएनन् । २०६२ चैत २४ गते दलहरूले निर्णायक आन्दोलन शुरू गरे। देशव्यापी रूपमा दलहरूले सञ्चालन गरेको विरोध कार्यक्रममा नेपाल पत्रकार महासंघले बलियो साथ दियो । मिडियाकर्मीहरू सडकमा उत्रिए ।

दलको आन्दोलनको औचित्य र आन्दोलनमा बढ्दो जनसहभागिता, सरकारी हस्तक्षेप र दमनका विरूद्ध मिडियाले निर्भीकताका साथ समाचार प्रकाशन तथा प्रसारण गर्न थाल्यो । त्यसले आममान्छेलाई उद्वेलित पार्न थाल्यो । र, विस्तारै आन्दोलनमा जनसहभागिता बढ्दै गयो । १९ दिनमा आन्दोलन उत्कर्षमा पुग्यो । र, राजा त्यो आन्दोलनका अगाडि झुक्न बाध्य भए । त्यही आन्दोलनको बलमा मुलुकमा शान्ति स्थापना भयो । राजतन्त्रको अन्त्य भयो। मुलुकमा गणतन्त्र आयो । र, माघ १९ मा खोसिएका सबै अधिकारहरू नागरिकले फिर्ता पाए ।

आममान्छेका लागि सूचनाको भरपर्दो स्रोत मिडिया थियो । मिडिया भने सूचनाको पहुँचबाट वञ्चित थियो । माओवादी र राज्य पक्षले दिने आफू अनुकूलका सूचनालाई समाचार बनाउँदा विश्वसनीयता रहँदैनथ्यो । किनकि द्वन्द्व अवधिभर आफू प्रतिकूल सही सूचना दुवै पक्षले मिडियालाई दिएनन् । दुवै पक्षको अघोषित नीतिले भन्थ्यो- हामीले जे दिन्छौं, त्यही समाचार हो । हामीले जति दिन्छौं, त्यति नै छाप । हामीले जे लुकाएका छौं, त्यसलाई नखोज । नछाप । समाचार त्यति नै लेख, जति हामी चाहन्छौं । तिमीलाई बाँच्नु छ भने, निहुँ नखोज्नु । हाम्रा बारेमा नकारात्मक समाचार नलेख्नु ।

त्यसका बाबजुद पनि मिडियाकर्मीहरूले राज्य र माओवादीका ज्यादतीका समाचार लेख्न छोडेनन् । उनीहरूले लुकाएका र लुकाउन खोजेका समाचारको खोजी गर्न छोडेनन् । द्वन्द्वमा तीन पक्ष थिए– सरकार, माओवादी र मिडिया । जनताको त कुनै मूल्य नै थिएन । देश र जनताका नाममा माओवादी र राज्य दुवै पक्ष आपसमा लडिरहे । जसका लागि उनीहरू लडिरहेको बताउँथे, उनीहरूको हिंसात्मक गतिविधिबाट सबैभन्दा बढी प्रभावित तिनै दुई पक्ष थिए, देश र जनता ।

द्वन्द्वलाई लिएर समाज विभाजित थियो । त्यसको असर मिडियामा पनि पऱ्यो । माओवादी पक्षधर पत्रकारहरू युद्धलाई ग्लोरिफाई गरेर त्यसको औचित्य पुष्टि गर्न खोज्थे । माओवादीका मुखपत्रहरूमा पनि सुरक्षाफौजलाई लक्षित गरी तल्लोस्तरका गालीगलौज र भाषाको प्रयोग हुन्थ्यो । सरकारी सञ्चारमाध्यममा कार्यरत पत्रकारहरू सरकारको स्वार्थ अनुसार रिपोर्टिङ गर्थे । 'माओवादी आतंककारी' बाट उनीहरूको समाचार शुरू हुन्थ्यो । सरकारले माओवादीलाई आतंककारी घोषणा गरेका कारण समाचारको शुरूआतमा यो लेख्नु अनिवार्य थियो । त्यो शब्दलाई लिएर माओवादीको आपत्ति हुन्थ्यो । त्यसैले आफूलाई आतंककारी लेख्ने पत्रकारहरू माओवादीको टार्गेटमा हुन्थे । माओवादी आधार इलाकामा सरकारी पत्रकारहरू जान डराउँथे । सकभर जाँदैनथे । गए पनि परिचय लुकाएर जान्थे ।

तेस्रोथरी थिए, स्वतन्त्र पत्रकारहरू । जसले माओवादीलाई विद्रोही भन्थ्यो । माओवादीका बारेमा समाचार लेख्नुपर्दा त्यसको शुरूआत सरकारद्वारा 'आतंककारी घोषित' वा 'विद्रोही माओवादी'बाट गर्थे । यो मध्यमार्गी धार थियो । यो नै मूलधार थियो । मूलधारका मिडिया र मिडियाकर्मीहरू माओवादीका विषयमा तटस्थ जस्तै देखिन्थे । तिमीहरूलाई हामीले आतंककारी लेख्न खोजेको होइन, यो भनाइ सरकारको हो है भन्ने सन्देश दिएर आफू सुरक्षित हुन खोज्थे । महासंघ ती सबैको साझा थियो । जो महासंघभित्र थिएनन्, तिनको रक्षार्थ पनि महासंघ बोल्न चुक्दैनथ्यो । त्यो थियो, सबैलाई समेट्ने, सबै अट्ने महासंघ । तर यो छ, आफ्ना बाहेक सबै लखेट्ने महासंघ । कसरी फेरियो यसको चरित्र ?

प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको नागरिक सरकार अपदस्थ गरी १९ माघ २०६१ मा शासन सत्ता हातमा लिएका राजा ज्ञानेन्द्र १ वर्ष २ महिना २४ दिनपछि आफ्नो त्यो कदमलाई सच्याउन बाध्य भए । जनआन्दोलनका अगाडि राजाले घुँडा टेकेको त्यो दिन थियो, २०६३ वैशाख ११ गते । नेपाल पत्रकार महासंघले वैशाख १२ गते विज्ञप्ति जारी गर्दै भनेको थियो- 'निरकुंश

*बाँकी पेज ३ मा*

# कसरी चिन्ने अर्गानिक खानेकुरा ?

पछिल्लो समय अर्गानिक खानेकुराप्रति मानिसहरूको मोह बढेको छ । अर्गानिक खानेकुराको माग र लोकप्रियता बढेसँगै अर्गानिक खाद्य स्टोर, अर्गानिक तरकारी तथा फलफूल पसल व्यापक रूपमा खुलेका छन् ।

अर्गानिक खानेकुरा स्वास्थ्यसँग सम्बन्धित भएर पनि होला, यसको प्रयोग गर्न मान्छेहरू जति पनि खर्च गर्न तयार हुन्छन् । अर्गानिक खानेकुरा मानिसको मात्र होइन, वातावरण स्वास्थ्यसँग पनि जोडिएको हुन्छ । त्यसैले आजभोलि अर्गानिक खेतीको बारेमा चर्चा हुने गरेको छ ।

नेपालमा अर्गानिक खेतीको इतिहासको कुरा गर्ने हो भने सन् १९८० को दशकमा एक जना अमेरिकी रिसर्चर जूडिथ चेज नेपाल आएर भक्तपुरको दधिकोटमा सन् १९८७ मा सानो अर्गानिक गार्डेनको स्थापना गरेको पाइन्छ । त्यही वर्ष उनले 'एप्रोपिएट एग्रिकल्चर अल्टर नेटिभ' नामक एनजीओ स्थापना गरेको पाइन्छ । त्यहीबाट अर्गानिक खेतीको अवधारणा नेपालमा भित्रिएको पाइन्छ । नेपालको पहिलो अर्गानिक जिल्ला भनेर जुम्लालाई घोषणा गरिएको छ ।

काठमाडौँसहित अन्य सहरी क्षेत्र वरपर देखिने पशुपालन, तरकारी फर्म कति अर्गानिक हुन् ? तिनको शुद्धता मापन कसरी गर्न सकिन्छ ? ती फार्महरूमा रासायनिक मल र विषादी अनि एन्टिबायोटिकको प्रयोग भएको छैन त ? लगायत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका खाद्य अनुसन्धान अधिकृत प्रतीक जोशीसँग गरिएको कुराकानीको सम्पादित अंश :

### अर्गानिक भनेको के हो ?

रासायनिक मल र विषादी नहालिएको, आनुवंशिक रूपमा परिमार्जन नगरिएको र जैविक रूपमा उत्पादन गरिएको खाद्य पदार्थ नै अर्गानिक हो । अर्गानिक उत्पादनमा जैविक मल र रैथाने बीउ बिजन प्रयोग गरिन्छ । त्यस्तै, प्राकृतिक चरन क्षेत्रमा चरेका पशुपन्छीबाट उत्पादित दूध, अण्डा र मासुजन्य पदार्थ पनि अर्गानिक हुन्छ ।




अर्गानिक हुनका लागि अर्गानिक बालीले संयुक्त राष्ट्र संघको कृषि विभागले कायम गरेको मापदण्ड पूरा गरेको हुनुपर्छ । यी मापदण्डमा सबै बालीहरू सिन्थेटिक कीटनाशक, कृत्रिम मल, विकिरण र बायोटेक्नोलोजीको प्रयोग नगरी उत्पादन गरिएको हुनुपर्छ । एन्टिबायोटिक वा सिन्थेटिक वृद्धि हर्मोनको प्रयोग नगरी जनावर हुर्काइएमा पशुजन्य उत्पादनहरू अर्गानिक मानिन्छन् । यी पशु बन्द ठाउँमा नभई बाहिरी खुला स्थानमा चराइएको हुनुपर्छ ।

### बजारमा पाइने अर्गानिक खानेकुरा साँच्चै अर्गानिक हुन्छ त ?

बजारमा पाइने अर्गानिक भनिएका सबै खानेकुरा अर्गानिक हुन्छन् भन्ने जरूरी छैन । किनकि अर्गानिकप्रतिको मोह बढेसँगै अर्गानिक रूपले उत्पादन नभएका खानेकुरालाई पनि अर्गानिक भनेर बेचेको पाइन्छ ।

अर्गानिक खानेकुरा उत्पादन गर्न एउटा निश्चित प्रक्रियाबाट गुज्रिनुपर्छ । उत्पादन अर्गानिक हो भनेर प्रमाणीकरण गर्नुपर्छ । 'अर्गानिक सर्टिसफिकेसन नेपाल' लगायत संस्थाबाट अर्गानिक सर्टिफिकेट प्राप्त गरेको हुनुपर्छ । हुन त विभिन्न समयमा सरकारले पनि अर्गानिक उत्पादनलाई प्रवर्द्धन गर्ने गरेको छ । राष्ट्रिय कृषि नीति २०६४ ले पनि अर्गानिक खेतीलाई प्रवर्द्धन गर्नुपर्छ भनेको छ । तर अर्गानिक खेती र अर्गानिक उत्पादनको नियमन गर्ने निकाय नभएकाले बजारमा अर्गानिक भनेर बिक्री भएका सबै कुरा अर्गानिक नहुन सक्छन् ।

### त्यो अर्गानिक हो भनेर कसरी थाहा पाउन सकिन्छ ?

बजारमा अर्गानिक भनेर धेरै उत्पादन बिक्री वितरण भइरहेको छ । तर त्यो उत्पादन साँच्चै अर्गानिक हो कि हैन भनेर थाहा पाउन उपभोक्ताले दुईवटा कुरामा ध्यान दिन सक्छन् । पहिलो त उत्पादन अर्गानिक हो भनेर थाहा पाउन त्यसको सर्टिफिकेसन हेर्नुपर्छ । उत्पादन अर्गानिक हो भने 'अर्गानिक सर्टिसफिकेसन नेपाल' वा अन्य आधिकारिक संस्थाबाट मान्यता प्राप्त गरेको हुन्छ ।

अर्को भनेको उत्पादन अर्गानिक हो भन्ने कुरा थाहा पाउन लेबल हेर्न सकिन्छ । कतिपय उत्पादनमा अर्गानिक हो भन्ने कुरा लेबलमा लेखिएको हुन्छ ।

### अर्गानिक उत्पादनको सेवनले के कस्तो फाइदा हुन्छ ?

अर्गानिक खानाको सबैभन्दा ठूलो विशेषता भनेको शरीरमा कुनै साइड-इफेक्ट नहुनु हो । यसमा कुनै पनि रसायन, कीटनाशक, औषधि वा संरक्षक प्रयोग गरिएको हुँदैन । जसले गर्दा यस्ता खानामा भिटामिन, मिनरल्स, प्रोटिन, क्याल्सियम, आइरन जस्ता आवश्यक तत्त्वहरू विषादी प्रयोग भएको खानामा भन्दा केही मात्रामा बढी हुन्छ । विभिन्न अध्ययनहरूको अनुसार बालीमा प्रयोग भएका रसायनहरूले मेटाबोलिक समस्या, हर्मोनल समस्या र क्यान्सरजस्ता विभिन्न खालका स्वास्थ्य समस्या उत्पन्न हुन सक्छन् । अर्गानिक खानाको सेवन गर्दा यस्ता रोगको जोखिमबाट बच्न सकिन्छ ।

# खाना खाएपछि कागतीको रस खाँदाका फाइदा



कागती साइट्रिक फल हो । यसमा भिटामिन सी, एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ ।

हरेक दिन आहारमा एउटा कागती खाने हो भने दिनभरि चाहिने भिटामिन सीको पूर्ति हुन्छ । यसको फाइदा हेरेर स्वास्थ्य विज्ञहरू पनि खानामा कागती सामेल गर्न सल्लाह दिन्छन् । यसले छालालाई त राम्रो बनाउँछ नै पाचन र रोग प्रतिरोधात्मक क्षमता पनि बढाउने काम गर्छ । खाना खाएपछि एक चम्चा कागतीको रस पिउँदा शरीरमा अनेकौँ फाइदा हुन्छन् ।

*खाना खाने बित्तिकै कागती खाँदाका फाइदाहरू:*

**पाचन सुधार:** खाना खाएलगत्तै कागती खाइयो पाचन रस र इन्जाइमको उत्पादन बढाउँछ र पाचनमा छिटो सुधार ल्याउँछ ।

**पीएच ब्यालेन्सलाई सन्तुलित राख्छ:** कागतीमा भिटामिन सी प्रचुर मात्रामा पाइन्छ । यसले शरीरको पीएच स्तर सन्तुलनमा राख्न मद्दत गर्छ । यसबाट एसिडिटीको समस्यालाई कम हुन्छ ।

**इम्युनिटी र कोलाजेन बढाउँछ:** कागतीमा भिटामिन सी प्रचुर मात्रामा पाइने भएकोले यसले प्रतिरक्षा प्रणाली बूष्ट गर्न पनि मद्दत गर्छ । यसले कोलाजेनको उत्पादन बढाउँछ । यो छालाको स्वास्थ्यका लागि पनि फाइदाजनक हुन्छ ।

**एन्टिअक्सिडेन्ट गुणले भरिपूर्ण:** कागतीमा एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ । यसले शरीरमा अक्सिडेटिभ क्षति वा तनाव रोकेर हामीलाई स्वस्थ राख्न मद्दत गर्छ ।

**पेट फुल्ने समस्या हटाउँछ:** पेट फुलेको छ वा अपचको समस्या छ भने कागतीको रसले राहत दिलाउन मद्दत गर्दछ । यो अम्लीय प्रकृतिको भएपनि यसको प्रभाव अल्कलाइन हुन्छ । जसबाट पीएच स्तर सन्तुलित रहन्छ ।

# कस्तो थियो ... .. .. .

राजतन्त्रले जनताका सामु घुँडा टेकेर लोकतान्त्रिक प्रक्रियालाई अग्रगति दिनको निमित्त मार्गप्रशस्त गर्न बाध्य हुनु परेको वर्तमान अवस्थाप्रति नेपाल पत्रकार महासंघ खुशी प्रकट गर्दछ । महासंघ मुलुकलाई पूर्ण लोकतान्त्रिक दिशामा अग्रसर गराउन आफ्ना सरोकारका हरेक मुद्दामा सदा सचेत र क्रियाशील रहनेछ ।'

लोकतन्त्र प्राप्तिका लागि लडेको महासंघ भित्र के लोकतान्त्रिक पद्धति फर्किएला ? के पत्रकारहरूले यसैगरी खुशी मनाउने दिन आउला ? राजाले लोकतन्त्रका अगाडि घुँडा टेकेको दिन जसरी महासंघले खुशी व्यक्त गरेको थियो !

*(उपाध्याय, नेपाल पत्रकार महासंघ कैलालीका पूर्व अध्यक्ष हुन् ।)*

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुंच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# थाहाका मानसिंह दोङ 'एशियन रेफ्री'

◆ विकास संवाददाता



थाहा नगरपालिका वडा नम्बर ४ का मानसिंह दोङ गोजुरियो कराँतेका एशियन रेफ्री भएका छन् । दोङले रेफ्री परीक्षा उतीर्ण गर्दै एशियन प्रशिक्षक भएका हुन् । भारतको मुम्बइ स्थित पुणे शहरमा भएको आठौं एशियन गोजुरियो कराँते प्रतियो दोङले स्वर्ण पदक र सुशान्त दोङले कास्य पदक पाएका छन् ।

सन् २०२४ जुन ६ देखि ९ सम्म भएको प्रतियोगितामा नेपाल गोजुरियो कराँते दो संघ शाखा थाहाबाट ६० केजी तौल समुहमा उनीहरूले पदक हात पारेका हुन् । प्रतियोगितामा नेपाल बाट १७ जना सहभागी मध्य ४ जनाले स्वर्ण २ जनाले रजत र ५ जनाले कास्य पदक जितेका थिए ।

प्रतियोगितामा नेपाल, भारत, बंगलादेश र श्रीलंका लगायत ९ वटा देशका खेलाडीहरूको सहभागिता रहेको थियो ।


## थाहा नगरपालिकाको अनुरोध !

- जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईंसराई जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गरी आफ्नो कानूनी अधिकार स्थापित गर्नु प्रत्यक नागरिकहरुको अधिकार हो ।
- समयमै कर तिर्नु नागरिकहरुको दायित्व मात्रै हैन सम्मान पाउने अवसर पनि हो ।
- पेशा व्यवसाय दर्ता गरी नियमित कर तिर्ने बानी बसालौं ।
- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो, त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।
- जाति, भाषा, धर्म र लिंगको आधारमा कसैलाई भेदभाव नगरौं, मानव सभ्यताको पहिचान दिऔं ।
- पशु चौपायालाई खुला र छाडा नछोडौं । सडकपेटी र बाटो अवरुद्ध हुने गरी निर्माण सामग्री नराखौं ।
- जथाभावी सडकपेटीमा फोहोर नफालौं । सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका वस्तु बिक्री वितरण र प्रयोग नगरौं ।
- घरपालुवा कुकुरलाई बाटोमा दिसापिसाब नगरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# हेटौंडा उपमहानगरको बजेट २ अर्ब ४३

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेटको आकार घटाएको छ । उपमहानगरपालिकाले चालु आर्थिक वर्षको बजेटभन्दा ४६ करोड ७२ लाख २९ हजार रुपैयाँ अर्थात् १६.०७ प्रतिशत घटाएर आगामी आर्थिक वर्षको बजेट ल्याएको हो । उपमहानगरले आगामी आवको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न २ अर्ब ४३ करोड ८९ लाख ७१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ ।

आन्तरिक स्रोतबाट ५३ करोड २७ लाख ९५ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ६१ करोड ६५ लाख ८६ हजार रुपैयाँ, प्रदेश सरकारको विभिन्न अनुदानबाट ११ करोड १७ लाख ३९ हजार रुपैयाँ र संघीय अनुदानबाट १ अर्ब १६ करोड ५३ लाख रुपैयाँ बेहोरिने अनुमान गरिएको छ । उपमहानगरले बजेटको प्राथमिकतामा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने जनाएको छ । स्थानीय सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गरी लागत न्यूनीकरण गर्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने बजेटको प्राथमिकताको क्षेत्र निर्धारण गरिएको छ ।




समावेशी र दिगो विकास, वातावरण संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने, शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण, सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवताको सहर स्थापना गर्ने बजेटको प्राथमिकता रहेका छन् । उपमहानगरपालिकाको बजेटले विकासका लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधार खडा गर्ने, शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पहुँच वृद्धि गर्ने, आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने, सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात् गर्ने बजेटको उद्देश्य छ ।

गरिबी न्यूनीकरण तथा जनजीविकामा टेवा पुऱ्याउने, समृद्ध नगर सुखी नगरवासीको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ उपमहानगरपालिकाले बजेट तर्जुमा गरेको छ ।

# थाहानगरमा सहकारीहरुको वित्तीय सूचकहरु पहिचान गर्न 'केयर समीक्षा' कार्यक्रम

◆ विकास संवाददाता

राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग तथा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आयोजना गरेको केयर समीक्षा कार्यक्रम थाहाको पाइनस होटलमा भएको छ ।

समीक्षा कार्यक्रम अन्तरगत सहकारीहरूलेले बनाएको वित्तीय सूचकहरूको अवस्था पहिचान गर्नुका साथै संस्थाहरूको अवस्था र सुधार गर्नु पर्ने विषयहरूमा छलफल भएको थियो । समीक्षा कार्यक्रमका सहभागीहरूले वित्तीय क्षेत्रमा देखिएको असहज अवस्थालाई सहज रूपमा अगाडि बढाउनका लागि सहकारीहरूमा भाखा नाघेको ऋणलाई कम गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन् ।

पछिल्लो समय सहकारीहरूमा भाखा नाघेको ऋण बढ्दै गएको निष्कर्षका साथ सबै सहकारीहरूले ऋण व्यवस्थापन योजनाबद्ध रूपमा अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाएका हुन् । स्तरीकरण कार्यक्रममा सहभागी संस्थाहरूमा ऋण सुरक्षण कोषमा नियमित रूपमा रकम व्यवस्थापन गर्ने, सञ्चालक समिति र कर्मचारीका लागि संस्थागत तालिम सञ्चालन गर्ने तथा परिवर्तित परिस्थिति अनुसार विनियम तथा कार्यविधि




निर्माण गरी कार्यान्वयन गर्ने, परिमार्जन गर्ने प्रतिबद्धता सहभागीहरूले जनाएको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका मुख्य व्यवस्थापक प्रकाश पौडेलले बताए ।

प्रमुख अतिथी थाहानगर प्रमुख बिष्णु बिष्टले कार्यक्रमको शुभारम्भ गर्दै बिष्टले सहकारीहरूको आन्तरिक स्वास्थ्य परीक्षण गरी संस्थालाई स्वस्थ बनाउनका लागि स्तरीकरण कार्यक्रमले सहयोग गर्ने भएकाले सहकारीहरूले ध्यान दिनु पर्नेमा जोड दिए । राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा केयरमा आबद्ध संस्था पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आयोजना गरेको कार्यक्रममा चाइना ट्रेड बहुउद्देश्यीय न्युरोड काठमाडौ,हिलटप जुनार बहुउद्देश्यीय तिनकुने काठमाडौ,नारायणी बहुउद्देश्यीय सहकारी हेटौंडा, स्वतन्त्र बचत तथा ऋण काठमाडौ, अन्नपूर्ण बहुमुखी सहकारी काठमाडौ र पालुङ बहुउद्देश्यीय सहकारी थाहानगरको सहभागिता रहेको थियो ।

कार्यक्रम केयरमा आबद्ध पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि का अध्यक्ष कृष्ण बहादुर बिष्टको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगर प्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यता तथा राष्ट्रिय सहकारी बैंकका संचालक ध्रुवे बहादुर बिष्ट,राष्ट्रिय सहकारी बैंकका बागमती प्रदेश प्रमुख रामेश्वर अर्याल, जिल्ला सहकारी संघ मकवानपुरका कोषाध्यक्ष बिमल कुमार ढकाल, पालुङ बहुउद्देश्यीयका पुर्व अध्यक्ष पुरुषोत्तम कार्की संस्थाका संचालक समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रदेश राष्ट्रिय सहकारी बैंकका सदस्य सेवा महाशाखा प्रमुख रामबाबु आचार्य, कार्यक्रम प्रमुख नवकुमार अधिकारीले सहजिकरण गरेका थिए ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार

AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरु
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# थाहानगरका न्यायिक समितिलाई कानुनी शिक्षा सम्बन्धी तालिम

◆ विकास संवाददाता

थाहा नगरपालिकाको आयोजनामा न्यायिक समितिलाई मनोसामाजिक परामर्श तथा कानुनी शिक्षा सम्बन्धी तीनदिने तालिम दिइएको छ । थाहा नगरपालीका शिखरकोट शंकर होटलको सभाहलमा आयोजित कार्यक्रममा न्यायिक समितिलेका सदस्यहरूलाई न्याय निरूपण गर्दा आइपर्ने मनोसामाजिक समस्या लाई परामर्श सहित कानुनी शिक्षा अभिवृद्धि गर्ने उदेश्यले नगरपालिका भित्र रहेका मेलमिलाप केन्द्रका संयोजक तथा सदस्यहरू र कार्यपालिका सदस्यहरूको सहभागिता थियो ।

थाहा नगरपालिका न्यायिक समिती संयोजक भरत गोपालीको सभाध्यक्षतामा तथा नगर प्रमुख बिष्णु बहादुर बिष्टको प्रमुख आतिथ्यतामा ३० जेठमा शुरू भएको तालिम सकिएको हो । कार्यक्रममा प्रमुख अतिथी नगर प्रमुख बिष्टले न्याय सम्पादनमा न्यायिक समिति र मध्यस्थकर्ताहरूको भुमिका एवम अधिकारको बारेमा सहजीकरण हुनुपर्नेमा जोड दिए । विष्टले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट न्यापूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको निर्माण गर्नका लागि स्थानीय नेतृत्व सबल र सक्षम हुन जरूरी रहेको औल्याए ।

न्यायिक समिती संयोजक उपप्रमुख भरत गोपालीले न्यायका लागि मेलमिलापको माध्यम उपयुक्त माध्यम भएको भन्दै यसको व्यापकता र प्रभावकारिता मेलमिलापकर्तामा निर्भर रहने बताए । मेलमिलापबाट समाधान गरिएका विवादहरू कार्यान्वयन गर्न प्रभावकारी रहने हुनाले मेलमिलाप प्रक्रियालाई नगरपालिकाले प्राथमिकता साथ अवलम्वन गर्नुपर्ने आवश्यकता र हेको बताए । थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सुचिकृत मेलमिलापकर्ता र कार्यपालिका सदस्य हरूलाई तालिमको आयोजना गरियको न्यायीक समितीका सहजकर्ता गोपी कार्कीले बताइन् ।

तालिममा प्रशिक्षक अधिवक्ताद्वय स्वरूप बन्जाडे र प्रवीण हुमागाँइले सहजीकरण गरेका थिए । समापन कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रवक्ता हिरेन्द्र कुमार रायमाझी, सुशासन समिती संयोजक बिष्णु बहादुर गुरूङ, वडा न ४ का अध्यक्ष नारायण लामा, न्यायिक समिती सदस्य बम बहादुर सिन्तान लगायतका उपस्तिथिती रहेको थियो ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।


# 'टिष्टुङ-पालुङ' एक अदभूत पदयात्राको शुभारम्भ

◆ विकास संवाददाता



मकवानपुरको 'टिष्टुङ-पालुङ' त्यतिबेला चर्चामा आयो जुनबेला काठमाण्डौं जोड्ने नेपालकै पहिलो राजपथ 'बाइरोड' अर्थात त्रिभुवन राजपथ खुल्यो । वि.सं. २०१३ सालतिरबाट यातायात सुचारू भएको 'बाइरोड'को नाम थाहा नपाउने कमै होलान् । गायक हिरण्य भोजपुरेले त त्यही बाइरोडमा उडेको धुलोको प्रसंगलाई गित नै बनाएका छन्-'ट्याक्सी गुडाउँदै, बाइरोडको बाटोमा धुलो उडाउँदै...।' बाइरोड नबनेको बेला भीमफेदी, कुलेखानी, मार्खु, चित्लाङ हुँदै गाडी बोकेर काठमाण्डौं पुऱ्याइन्थ्यो । बाइरोडको बाटो खुलेपछि गाडी बोक्नै परेन, बरू 'टिष्टुङ-पालुङ'मा गाडीले धुलो उडाए । काठमाण्डौं र हेटौंडाको बीच भागतिर पर्ने भएकोले होला 'टिष्टुङ-पालुङ' का पसलहरू नजिकै चालकले गाडी अड्याउँथे यात्रु ओर्लन्थे, यहाँको चिसो पानीले हात मुख धुन्थे खाजा नास्ता भ्याउँथे र गन्तव्य तिर हुँइकिन्थे । यहि भएर पनि 'टिष्टुङ-पालुङ' सबैको मुखैमा झण्डिने शब्द बन्यो, यात्रु र चालकहरूको थकाइ मार्ने थलोका रूपमा कहलियो ।

टिष्टुङ पालुङ बाइरोड जस्तै हुर्किंदै गयो । बाइरोड सम्हालिँदै धुलो उडाउनै छाड्यो अर्थात् कालोपत्रे भयो । स्याउला र खरले छाएका 'टिष्टुङ-पालुङ'का छाप्रे पसल त्यही कालोपत्रेका लागि भित्रिएका अलकत्राका ड्रमले बलवान बन्न थाले । बाइरोडमा लाम लागेर बस र टूक गुड्न थालेपछि यहाँका मानिसहरू सेल तरकारी हैन उत्पादन बढाउँदै हरियो तरकारी र अन्न पनि बेच्न थाले । खेतबारीबाट ताजा तरकारी मुठा बनाएर बाइरोड छेवैमा पुऱ्याउँदा एकै छिनमा बिक्ने, पैसा आउने । यति भएपछि पछिल्लो समय 'टिष्टुङ-पालुङ'को तरकारीले देशैभरी एकछत्र राज गर्‍यो । सडक छेवैमा मात्र हैन, टिपका टिप तरकारी निकासी हुन थाल्यो । यो क्रम अहिले पनि छँदैछ ।




'टिष्टुङ-पालुङ'को परिचय अब बाइरोड र तरकारी उत्पादनमा मात्र सीमित रहेन । अहिले 'टिष्टुङ-पालुङ' पदमार्ग खुलेको छ । हिजो हावाको झोक्कासंगै हुइँकिने यात्रुहरू अहिले पर्यटक बनेर आउन थालेका छन् । 'टिष्टुङ-पालुङ' पदमार्गको परिकल्पना फोटो पत्रकार गणेश विष्टले गरेका हुन् । यो पदमार्ग १७ किलोमिटर दुरीको छ । उनले आफ्नो सर्कलका साथीहरूलाई पदमार्गको विषयमा सुनाए । उनीसंग दर्जन हाइकर टिम सम्पर्कमा छन् । उनीहरूलाई पनि 'टिष्टुङ-पालुङ'को परिचय गराए । पहिलो पटक भएकाले पत्रकार विष्टले पर्यटकहरूलाई पदयात्रा गराउने क्रममा टिष्टुङका सानोबाबु सिन्तानको पनि भरथेग लिए । स्थानीय निरोज प्रधान, श्रीराम कार्की, माधव कार्की, अनिता विष्ट, नरहरि पौडेल त टिममा छँदै थिए ।

काठमाण्डौंबाट 'टिष्टुङ-पालुङ' पदयात्राका लागि आएका अतिथीहरूलाई स्वागत गर्न थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपाली नर्बे चोक पुगेका थिए । थाहा नगरपालिकाको ११ नम्बर वडामा रहेको नर्बे ढुङ्गा जाने र पालुङ जाने दोबाटोलाई नर्बे चोक भनिन्छ । यहि चोकमा ह्याप्पी हाइकरका ३२ जना पदयात्री जम्मा भएका थिए । टोलीमा अरू ८ जना स्थानीय थिए । उपप्रमुखको स्वागत पछि पदयात्री प्राकृतिक मनोरमताको साथै गाउँले जीवनशैली बुझ्नै रमाउँदै यात्रामा निश्केको थियो ।

गाउँ, जंगल, पाखा, सिम, चौर छिचोल्दै अग्ला डाँडा उक्लने यो रूटको विशेषता नै हो । पदयात्राको क्रममा भेटिने खुकुरी पार्क, खेल मैदान, मुस्कान झरना, नर्बेढुङ्गा, चिया बगान, दमार, कुईभिर, नाँगे चुली असाध्यै र माइलो र अदभूत क्षेत्रहरू हुन् । टिष्टुङबाट पसेर पालुङ निश्कने यो पदमार्गको ठाउँ ठाउँमा भेटिने डाँडाकाँडा प्रकृतिक भ्यूटावर जस्तै लाग्छ । यो रूटमा ऐतिहासिक जनजाती तामाङहरूको बाहुल्यता रहेको छ । टिष्टुङको नर्बेचोकबाट शुरू हुने यात्रा 'भाँङ खोरिया पास'मा पुगेर पालुङसंग भेट हुन्छ । सोल्टू हुँदै फाँटको होमस्टे पुगेर स्थानीयपनको आभास पदयात्रीहरूले गर्न पाउँछन् । होमस्टेमा पुग्दा 'टिष्टुङ-पालुङ' को पदयात्रा त सकिन्छ तर पालुङ-आग्रा पदमार्गको अर्को ढोका खुल्छ । फाँटको यो होमस्टे क्षेत्र पालुङ-आग्रा पदयात्राको बेसक्याम्प पनि हो । होमस्टैमै बास बसेर विहान पालुङगढी, गोरखनाथ, पाण्डुकेश्वर, शंखमुलधाम लगायतको क्षेत्रको भ्रमण गर्न पनि सकिन्छ ।

धेरै पदयात्रामा सहभागी भैसकेका ह्याप्पी हाइकरका टिम लिडकर राजाराम फुयाँलले 'टिष्टुङ-पालुङ' पदयात्रा सकिएपछि प्रतिक्रिया दिदै भने- 'थाहाका पदमार्गहरू मध्ये 'टिष्टुङ-पालुङ' उत्कृष्ट लाग्यो, पर्यटन प्रवर्द्धका लागि यस रूटले भविष्य बोकेको छ ।' गाउँले परिवेशमा मौसम अनुसारको फलफुल र कन्दमूल खाँदै यात्रा गर्दा आनन्दित तुल्याएको फुयाँलको प्रतिक्रिया छ । उनी पदयात्राको क्रममा ठाउँठाउँमा भेटिने हरिया चौर र शीतलताको चर्चा गर्दै थप्छन्-'लाग्छ हरियो तन्नामा लडिबुडी खेल्दै एसी खोलेर आनन्द लिइरहेको छु ।' यसअघि पनि फोटो पत्रकार बिष्टले थाहाका विभिन्न पदमार्गको पहिचान गरी हजारौं पर्यटकहरू भित्र्याइसकेका छन् । यस्ता पदमार्गकोहरूको नगरपालिकाले व्यवस्थित र प्रवर्द्धन गर्नुपर्ने विष्टको सुझाव छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहा र इन्द्रसरोवरमा राष्ट्रिय परिचयपत्रको विशेष दर्ता शिविर

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले सामाजिक सुरक्षा प्राप्त गर्ने वृद्धवृद्धा र अपांगता भएका लाभग्राही लक्षित राष्ट्रिय परिचयपत्र विवरण दर्ता विशेष शिविर सञ्चालन गर्ने भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार राष्ट्रिय परिचयपत्रको विवरण दर्ताको लागि २ वटा टोली खटाइएको छ ।

पहिलो टोलीले जेठ ३० गतेदेखि असार १ गतेसम्म राक्सिराङ गाउँपालिकामा, असार ३ गतेदेखि ६ गतेसम्म कैलाश गाउँपालिकामा, असार ८ गतेदेखि १३ गतेसम्म थाहा नगरपालिकामा, असार १५ गतेदेखि १८ गतेसम्म इन्द्रसरोवर गाउँपालिकामा विवरण दर्ता गर्नेछन् ।

त्यस्तै दोस्रो टोलीले जेठ ३१ गतेदेखि असार २ गतेसम्म वागमती गाउँपालिकामा, असार ४ गतेदेखि ७ गतेसम्म बकैया गाउँपालिकामा, असार ९ गतेदेखि १२ गतेसम्म मकवानपुरगढी गाउँपालिकामा, असार १४ गतेदेखि १७ गतेसम्म भीमफेदी गाउँपलिकामा, असार १९ गतेदेखि २२ गतेसम्म मनहरी गाउँपालिकामा विवरण दर्ता गर्नेछन् । नागरिकले राज्यबाट सेवासुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्रको प्रयोग अनिवार्य गर्दै जाने सरकारले रणनीति अघि सारेको छ। राष्ट्रिय परिचयपत्रमा उल्लेखित नम्बरका आधारमा नागरिकले पाउने सेवासुविधासहित व्यक्तिको आर्थिक र व्यापारिक कारोबारको सबै विवरण हेर्न सकिने सफ्टवेयरको परीक्षण भइरहेको छ ।

जिल्ला प्रशासन कार्यालयले जिल्लामा रहेका ९ ओटा पालिकासँगको समन्वयमा उक्त पालिकाको केन्द्रमा बुधबारदेखि टोली खटाउने भएको हो । मकवानपुर जिल्लाको ९ वटा पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ताको लागि टोली खटाइएको छ, भने हेटौंडा उपमहानगरपालिकाभित्र रहेको सामाजिक सुरक्षा भत्ताको लाभग्राहीहरूले जिल्ला प्रशासन कार्यालयमा नै विवरण दर्ता गराउन सक्ने बताइएको छ ।

# ठूलोफाकल-बाँझघारी मोहिनी झरना पैदलमार्गको योजना

◆ विकास संवाददाता

पर्यटन प्रवर्द्धनका लागि थाहा नगर पालिका वडा नम्बर ५ को ठूलोफाकल-बाँझघारी मोहिनी झरना पैदलमार्गलाई प्राथमिकतामा राखी निर्माण गर्ने थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले बताएका छन् । ५ नम्बर वडाको प्राकृतिक सुन्दरता चिनाउदै पर्यटन प्रवर्द्धनमा पैदलमार्ग अघि सारिएको प्रमुख विष्टको भनाइ थियो ।

नगर प्रमुख विष्टले थाहा नगरको दामन सिमभन्ज्याङको शितलता र प्राकृतिक सुन्दरता हेर्न आउने आन्तरिक र बाह्य पर्यटकलाई नगरको ठुलोफाकल क्षेत्र हुँदै मोहिनी झरनासम्म जोड्न पैदलमार्गको निर्माणका लागि नगरपालिका जुट्ने बताए । प्राकृतिक सुन्दरतामा रमाउदै पैदलमार्गको मनोरम यात्रा पनि गर्न सकिने भएकाले नगर भित्र पर्यटन प्रवर्द्धनका लागि स्थानियसँग छलफल गर्दै प्रमुख विष्टले स्थलगत निरीक्षण समेत गरेका छन् । मोहिनी झरनाको ठाडोखोला क्षेत्रमा प्राकृतिक पौडी पोखरी तथा सेल्फी पुल बनाउन सम्भाव्यता अध्ययन भईरहेको र छिट्टै सो कार्यलाई पुर्णता दिने विष्टको प्रतिवद्धता छ ।

छलफलमा थाहा नगर होटल एसोसियसनका अध्यक्ष शिवकुमार खत्रीले उल्लेखित योजनाले सो क्षेत्रको कृषी उत्पादनलाई र प्राकृतिक सुन्दरतालाई पर्यटन सँग जोड्ने र ईन्द्रसरोवर तथा दामन सिमभन्ज्याङ आएका पर्यटकका लागि गन्तब्य थपिने भएकाले यो योजना सार्थक बनाएर पर्यटकीय गन्तव्यको चिनाउनु पर्ने विचार राखे ।

## हावाहुरीबाट जोगिने उपायहरू !

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इन्द्रायणी चौर, मकवानपुर

## रेबिजबारे जानकारी



रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।

सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकमीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

थाहा नगरपालिका

स्वास्थ्य शाखा

इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी